STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १४ गते मंगलबार ❑ 27 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री गुरुङ बिरुद्ध अविश्वासको प्रस्ताव पेश

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख



प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गर्ने असंवैधानिक कदमलाई गण्डकीप्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पनि समर्थन गरेकाले प्रदेश सरकारका विरुद्ध अविश्वासको प्रस्ताव पेश गरिएको कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले बताए।

सोमबारदेखि सुरु भएको विशेष अधिवेशनमा प्रस्तावित मुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता नेपालीले प्रदेश सरकारका विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्दै असंवैधानिक कदमलाई गण्डकी प्रदेशका मुख्यमन्त्री गुरुङले साथ दिएकोले आफुहरुले बाध्य भएर उत्त कदम चालेको बताए । नेता नेपालीले भने "प्रधानमन्त्री ओलीको असंवैधानिक कदमको गण्डकी प्रदेश सरकार मतियार बन्यो, यो गण्डकी प्रदेशका जनताको भावना बिपरीतको कदम बिरुद्ध हामीले अविश्वासको प्रस्ताव पेश गरेका हौं।" संविधानको धारा १ सय ८८ मा प्रधानमन्त्री वा मुख्यमन्त्रीले प्रतिनिधित्व गरेको दल विभाजित भएमा विश्वासको मत लिनुपर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि मुख्यमन्त्रीले विश्वासको मत लिने कुनै आट नगरेको नेपालीले जनाए। सत्ता साझेदार दलका केही मन्त्रीहरु राजीनामा दियर समर्थन फिर्ता लिएको अबस्थामा मुख्यमन्त्री कुर्चीमै बस्नु अलोकतान्त्रि कदम भएको उनको भनाई थियो। ६ गते प्रदेशसभाको बैठक बोलाइसकेको अवस्थामा वैशाख १ गते मध्य राति नै अधिवेशन अन्त्य गरेर मुख्यमन्त्री गुरुङले प्रतिगमनकै मतियार बनेको आरोप थियो । उनले भने "भागेको सरकारलाई हामीले विधि र प्रक्रियामा ल्याउन विशेष अधिवेशन आव्हान गरेका थियौं, मुख्यमन्त्रीले लोकतन्त्रको कुरा गर्नु अब व्यवहारले छर्लङ पार्नु भयो । " करिब साढे ३ वर्षमा यो सरकारले उल्लेखनीय काम गर्न नसकेको नेपालीले आरोप छ । मुख्यमन्त्री गुरुङविरुद्ध नेपाली कांग्रेसका १५, माओवादी केन्द्रका ११ र जसपाका २ सांसद गरी २८ जनाले वैशाख २ गते अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । अविश्वासको प्रस्ताव दर्ता हुने कुरा थाहा पाए लगत्तै वैशाख १ गते मध्यरातमै मुख्यमन्त्री गुरुङ संसद अधिवेशन नै अन्त्य भएको घोषणा गरेका थिए। संसद संचालनको लागि ३ दलले अविश्वासको प्रस्ताव दर्ता गरेसंगै विशेष अधिवेशन बोलाउन सोही दिन प्रदेश प्रमुख अमिक शेरचन समक्ष निवेदन दिएका थिए। प्रदेश प्रमुखशरचनले विपक्षी दलको माग बमोजिम आजका लागि विशेष अधिवेशन बोलाएका थिए।

नेपालीले अविश्वासको प्रस्तावको पक्षमा मत हाल्न जनमोर्चा लगायतका दलहरुसँग आग्रह गरेका छन्। संसदमा अविश्वासको प्रस्ताव पेश भए पनि सोमबार र मंगलबार पनि केही दलका नेता र सांसदले संसदमा बोल्ने भएका छन्। २ दिनसम्म संसदमा छलफल चल्ने र त्यसपछि मतदान हुने विपक्षीले अनुमान गरेका छन्। गण्डकी प्रदेश सभामा सबैभन्दा ठूलो दल नेकपा एमालेका २७ जना सांसद छन्। एक जना स्वतन्त्र सांसद दीपक मनाङ रहेका छन्। नेकपा हुदा उनले मुख्यमन्त्री गुरुङलाई नै साथ दिएका थिए।

## कास्कीमा बुधबारदेखि निषेधाज्ञा जारी हुने

### जोर विजोर सवारी साधन संचालन हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख

नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण रोकथाम र नियन्त्रणको लागि कास्कीमा पनि निषेधाज्ञा जारी हुने भएको छ।

यही वैशाख १५ गते विहान ६:०० बजेदेखि वैशाख २१ गते राति १२:०० बजेसम्मको लागि कास्कीमा निषेधाज्ञा जारी हुने भएको जिल्ला प्रशासन कार्यालय कास्कीका प्रवत्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेले बताए । स्वास्थ्य, सुरक्षा, संचार, बिद्युत, खानेपानी, औषधि तथा औषधिजन्य उत्पादन तथा बिक्री वितरण लगायतका अत्यावसेक सेवा तथा कार्य गर्ने बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालयबाट प्रदान गरिने सेवाहरु प्रवाह नगर्ने प्रशासनबाट आदेश जारी भएको प्रवक्ता पौडेलले जनाए। औषधि एवं स्वास्थ्य सामागग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने, दैनिक उपभोग्य खाद्यान्न पसल, निर्माण, सामाग्रीका पसलहरु विहान ५:०० बजेदेखि बेलुकी ८:०० बजेससम्म संचालन हुने सो बाहेकका अन्य पसलहरु, डिपार्टमेण्टल स्टोर, सपिङ मल, स्टोरहरु संचालन नगर्ने प्रशासनले निर्देशन जारी गरेको हो । फुटपात पसलहरु समेत बन्द गर्नेदेखि जोर विजोरको आधारमा सवारी साधन संचालन गर्ने सम्मको निर्णय भएको जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबार जारी गरेको सूचनामा उल्लेख गरिएको छ। अत्यावसेक काममा बाहेक घर बाहिर ननिस्कने र हिडडुल नगर्ने, सबै प्रकारका सभा, सम्मेलन गोष्ठी तालिम, मानिस भेला जम्मा हुने कार्यक्रम नगर्ने, अत्यावसेक सेवा बाहेक अन्य निजी तथा सार्वजनिक सवारी साधनलाई जोर गते जोर नम्बर प्लेटका गाडी र बिजोर गतेमा बिजोर नम्बर प्लेटका गाडीहरु मात्र संचालन गर्ने प्रशासनले निर्देशन जारी गरेको छ। विवाह, ब्रतबन्ध, एवं अन्य संस्कारजन्य कार्यक्रमहरु पार्टी प्यालेस तथा होटलमा संचालन नपाइने तर घरमा संचालन गर्दा तोकिएको आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी १५ जना भन्दा बढी सहभागी गराउन नपाइने भएको कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमद्धारा जारी गरिएको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ।

होटल तथा रेष्टुरेण्टहरुले विहान ८:०० बजेदेखि बेलुका ८:०० बजेसम्म टेक अवे सेवा मात्र संचालन गर्ने, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने दैनिक सेवा नेपाल राष्ट्र बैंक, प्रादेशिक कार्यालय पोखराको समन्वयमा शाखा प्रवन्धकले न्यूनतम कर्मचारीको उपस्थितीमा संचालन गर्ने प्रशासनले निर्देशन जारी गरेको छ।

## सभापति देउवाद्वारा कोरानाको संक्रमण रोक्ने हर सम्भव उपाय गर्न माग

रासस
काठमाडौं, १३ बैशाख

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुक दोस्रो चरणको कोभिड-१९ सङ्क्रमणको चपेटामा परेको वर्तमान परिस्थितिलाई थप जटिल हुन नदिन तत्काल नियन्त्रणका हर सम्भव उपाय गर्न सरकारसँग माग गरेका छन्।

साथै उनले सङ्क्रमितहको उपचारका लागि आवश्यक स्वास्थ्य संरचना, स्वास्थ्य सामग्रीहरूको उपलब्धता र स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न आवश्यक व्यवस्था मिलाउनेतर्फ सरकारलाई गम्भीर हुन पनि माग गरेका छन्।

मुलुकमा पछिल्ला समय कोभिड-१९ सङ्क्रमण दर तीव्र गतिमा बढेको र सङ्क्रमणबाट गम्भीर बिरामी भएर आइसियु र भेन्टिलेटरको आवश्यकता पर्नेको सङ्ख्या पनि बढ्दो छ। अहिले युवाहरूमा पनि सङ्क्रमण उल्लेख्य रूपमा बढेको र सङ्क्रमितको उपचार पूरा गर्न मुलुकको स्वास्थ्य संरचनाले धान्नै नसक्ने स्थिति बनेको उनले उल्लेख गरेका छन्। सभापति देउवाले सोमबार एक विज्ञप्तिमार्फत आम नागरिकहरूलाई कोभिड-१९ को सङ्क्रमणवाट सुरक्षित राख्न कोरोनाविरुद्धको खोप सबैभन्दा भरपर्दो उपाय भएको उल्लेख गर्दै त्यसतर्फ सरकारले समयमा गम्भीर नहुनाले खोपको समुचित व्यवस्था हुन नसकेको बताएका छन् । मित्रराष्ट्र भारतबाट शुरुमै १० लाख निःशुल्क खोप प्राप्त भएका कारण ठूलो राहत महसुस भएको थियो । पछि चीनबाट पनि आठ लाख खोप निःशुल्क प्राप्त भई वितरण भइरहेको बताउँदै उहाँले उक्त सहयोगका लागि दुवै मित्रराष्ट्रलाई धन्यवादसमेत दिएका छन्। सभापति देउवाले देशको सम्पूर्ण आवश्यकता पूर्ति गर्न अझ ठूलो सङ्ख्यामा खोपको आवश्यकता रहेकाले चाँडोभन्दा चाँडो आवश्यक खोपको व्यवस्था मिलाउनेतर्फ ठोस योजनासहित कूटनैतिक सक्रियता बढाउन पनि सरकारसँग माग गरेका छन्। विकसित मित्रराष्ट्रहरूले खोप उत्पादक संस्थाहरूसँग आ-आफ्नो देशहरूको आवश्यकताभन्दा पनि बढी सङ्ख्यामा अग्रिम बुकिङ सुरक्षित गरेको अवस्थामा अग्रिम बुकिङ गर्न नसकेका नेपाल जस्ता देशहरूलाई बुकिङ भएको सङ्ख्या मध्येबाट खोप सुविधा उपलब्ध गराउन पनि सम्बन्धित मित्रराष्ट्रहरूसँग उनले अनुरोध गरेका छन्। सभापति देउवाले कोभिड-१९ बाट सुरक्षित हुन, अनिवार्य मास्क लगायतका सुरक्षा व्यवस्था र सङ्क्रमण रोकथामका लागि आवश्यक अन्य स्वास्थ्य सुरक्षा प्रोटोकलको अनुसरण गर्न पनि सम्पूर्णमा अनुरोध गरेका छन्।

## काठमाडौं उपत्यकामा अत्यावश्यक बाहेकका सबै सेवा १६ गतेदेखि एक सातालाई बन्द

रासस
काठमाडौं, १३ बैशाख

काठमाडौं उपत्यकामा यही वैशाख १६ देखि २२ गते मध्यरातसम्म अत्यावश्यक बाहेकका सेवा र यातायात बन्द हुने भएको छ।

काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीले सोमबार साँझ एक आदेश जारी गर्दै अत्यावश्यक बाहेकका सबै सेवा बन्द गर्ने निर्णय गरिएको जनाइएको छ। बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ- यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघसंस्था र पेशाकर्मी, व्यवसायी एवम् आम नागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लङ्घन गरेमा प्रचलित कानूनअनुसार कारबाही हुनेछ।

सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न पाइने छैन। विवाह व्रतबन्धको हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्रै गर्न सकिनेछ।

सार्वजनिक एवम् निजी सवारी साधन वैशाख १६ गते बिहान ६ देखि २२ गते राति १२ बजेसम्म काठमाडौं उपत्यकाभरमा रोक लगाइएको छ। अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधन प्रवेशमा रोक लगाइएको छ।

सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा सम्बन्धित मन्त्रालय वा विभागबाट जारी भएको सवारी पास लिई सवारी साधन प्रयोग गर्न पाइने आदेशमा उल्लेख छ। विकास निर्माण कार्यमा प्रयोग हुने जनशक्ति र सामग्री ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसका आधारमा आधिकारिक सवारी पास लिएर मात्रै सञ्चालन गर्न पाइनेछ।

खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल व्यवसाय बाहेकका अन्य व्यवसाय हाललाई बन्द गर्ने र खाद्य सामग्री पसल बिहान १० बजेसम्म र साँझ

बाँकी अन्तिम पृष्ठमा ▶▶



ICHHASHAKTI AUTOMOBILES PVT.LTD.
Buddhachowk, Pokhara, ☎ 061- 522315, 061-430315, 9825165089

# गण्डकी प्रदेश खेलकूद परिषदको पहिलो पूर्ण बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

गण्डकी प्रदेश खेलकूद परिषदको पहिलो पूर्ण बैठक विभिन्न निर्णयहरु गरी सम्पन्न भएको छ।

गण्डकी प्रदेश सामाजिक विकास मन्त्री एवम परिषदका अध्यक्ष नरदेवी पुनको अध्यक्षतामा सोमबार पोखरामा पूर्ण बैठक सम्पन्न भएको हो । बैठकले प्रदेश खेलकूद गठनका लागि प्रदेश सरकारलाई हार्दिक आभार व्यक्त गर्दै परिषदका सदस्यहरुलाई जिल्ला र खेल संघहरुको इन्चार्जको जिम्मेवारी तोकेको छ भने कार्यालय तथा कर्मचारी व्यवस्थापन तथा आर्थिक वर्ष २०७८/०७९ को बजेटका विषयमा समेत निर्णयहरु गरेको छ।



बैठकले गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य राम चन्द्र थापालाई कास्की जिल्ला खेलकूदको इन्जार्ज, गोरखा जिल्लाको ज्ञान बहादुर बोहरा, लमजुङ्ग जिल्लाको बासु बराल, तनहुँको तारा माया थापा मगर, नवलपुरको योगिता कुमारी शाहानी, म्याग्दी जिल्लाको इन्चार्जमा चन्द्रा घले गुरुङ, मुस्ताङ जिल्ला खेलकूदको इन्चार्जमा योगेन्द्र शेरचन, मनाङ जिल्लाको इन्चार्जमा योगेन्द्र गुरुङ तथा पर्वत जिल्ला र सञ्चारको इन्चार्जमा केशव पाठकलाई तोकेको छ भने खेल संघहरुको इन्चार्जमा ऋषी राम गौतमलाई जिम्मेवारी दिइएको छ।

बैठकले कार्यालय तथा कर्मचारी व्यवस्थापन सँगै प्रदेश खेलकूदका लागि आर्थिक वर्ष २०७८/०७९ बजेट तर्जुमा गर्न परिषदका सदस्य सचिव तेज बहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्यिय कमिटी गठन गरेको छ । जसको सदस्यमा दिल बहादुर गुरुङ, तारा माया थापा मगर, प्रदेश खेलकूद महाशाखा प्रमुख तेज प्रसाद काफ्ले र क्षेत्रिय खेलकूदका निर्देशक कृष्ण तिमिल्सिना रहेका छन।

गण्डकी प्रदेश खेलकूदको लोगो डिजाइन तथा वेवसाइटको कार्यलाई अगाडी बढाउन परिषदका सदस्य खगेन्द्र क्षेत्रीको संयोजकत्वमा निर्मला बराल र केशव पाठक सदस्य रहने गरी तिन सदस्यिय कमिटी गठन गरेको छ । प्रदेश भित्रको खेलकूदमा क्रियाशिल खेलाडीहरुको स्वास्थ्य विमा, प्रदेश खेलसंघहरुको गठन, जिल्ला-जिल्लामा खेलाडीहरुको पहिचानका लागि ट्यालेन्ट हन्ट लगायत अन्य प्रशिक्षणका कार्यक्रमहरुलाई समेत अगाडी बढाउने सँगै एक स्थानियतह एक खेल मैदान अन्तर्गत निर्माण भइरहेका कार्यहरुको निरिक्षण तथा अनुगमनलाई तिव्रताका साथ अघि बढाउने गरी बैठकमा छलफल भएको छ भने नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताको तयारीका लागि समेत विभिन्न निर्णयहरु गरी अगाडी वढ्ने भएको छ । बैठकलाई सम्वोधन गर्दै सामाजिक विकास मन्त्री नर देवी पुनले जिल्लाहरुमा प्रशिक्षणका कार्यक्रमहरु अगाडी वढाउन र स्थानियतहहरुलाई खेलकूदको ऐन निर्माण गरेर अगाडी वढ्न प्रोत्साहित र परिचालन गर्नुपर्ने बताइन । उनले भनिन-"प्रदेशको खेलकूद विकासका लागि सवै सँग मिलेर नागरिकहरुलाई खेलकूदमा जागरण ल्याउन आवश्यक छ।"

# पार्टी विभाजन होइन संगठित बनाउन लागेको छु : नेता नेपाल

**रासस**
**काठमाडौं, १३ बैशाख**

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता माधबकुमार नेपालले आफू पार्टीलाई बलियो बनाउने अभियानमा लागेको बताएका छन्।

सोमबार पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले आफूलाई पार्टी फुटाउन खोजेको आरोप लगाइएको बताए। आफूहरू पार्टीलाई बलियो बनाउने अभियानमा लागेको बताउँदै उनले भने, "हामी पार्टी बलियो बनाउने अभियानमा जुटेका छौं । पार्टी फुटाउन खोज्यो भन्नुहुन्छ बा ।" अर्को पार्टी बनाएको आरोपको खण्डन गर्दै उनले थपे ।, "कहाँबाट पार्टी फुटाउनु । हामी यो पार्टीका कार्यकर्तालाई लाखापाखा हुन दिँदैनौं । एकताबद्ध बनाउँछौं । सही विचारको पक्षमा उभिने बनाउँछौं ।"

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई एकताबद्ध बनाउनुपर्ने उहाँको भनाइ थियो । उनले भने, "उहाँले समस्याको कारण खोजी पहिचान गरेर गम्भीरतापूर्वक सोच्नुपर्छ भन्ने मेरो धारणा हो ।" आफू र ओली बीचको एकता सम्भव रहेको बताउँदै उनले अध्यक्ष ओलीले फागुन २८ गतेको निर्णय फिर्ता लिएर विसं २०७५ जेठ २ गतेको अवस्थामा फर्कनुपर्ने बताए । उनले भने, "पार्टी विभाजन भएको छैन । लचिलो बन्नु पऱ्यो भन्ने कुरा हो ।"

कार्यकर्ताको भावना बुझ्न नसकेका कारण पार्टीभित्र सङ्घर्ष बढेको उनको भनाइ थियो । समस्या समाधानका लागि राजनीतिक रूपमा हल खोज्नुपर्ने उनले बताए । पार्टी भित्रको समस्या के हो ? कार्यकर्ताको भावन के हो भन्ने बुझ्न जरुरी रहेको उनको जिकिर थियो । कर्णाली प्रदेशका सांसदहरूलाई गरिएको कारबाही जायज नभएको नेता नेपालले दाबी गरे ।

# काठमाडौं...

५ बजेदेखि ७ बजेसम्म खुल्ला राख्न पाइनेछ । ती पसल सञ्चालन गर्दा सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपले पालना गराउनुपर्नेछ । नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने, काठमाडौं उपत्यका प्रवेश गर्ने व्यक्तिको अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेशनमा बस्नुपर्नेछ । सञ्चारकर्मी र पत्रकारको हकमा सूचना संकलन गर्न सूचना विभागले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने आदेशमा उल्लेख छ । त्यस्तै, अत्यावश्यक बाहेकका सबै सार्वजनिक सेवा हाललाई स्थगन गरिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# विकासको मोडालिटीलाई परिवर्तन गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

पोखरामहानगरकोविकासको मोडालिटीलाई परिवर्तन गर्नुपर्नेमा जोड दिइएको छ । सोमबार रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जको कार्यक्रम द राउण्ड टेबलमा वक्ताहरुले अब सन्तुलित विकासको आवश्यकता रहेको औंल्याएका छन् ।

पोखरा विश्वविद्यालयका प्रा.डा. इन्द्र प्रसाद तिवारीले विकासको महत्वलाई पाँच भागमा विभाजन गरे । उनका अनुसार ज्ञानको निर्माण, भौतिक वस्तुको वृद्धि, उत्पादन र उत्पादकत्व वृद्धि, समावेशिता तथा शान्ति अथवा स्वतन्त्रताको महत्वको लागि विकास आवश्यक छ। उनले सर्वसाधारण, राजनीतिक दल र विज्ञले गर्ने विकासको व्याख्या फरक भएको उल्लेख गरे। तिवारीले विकासको अनुगमन र सुधारप्रणाली सशक्त नहुँदा समस्या भएको बताए। उनले भने," पञ्चयातको बेलाको विकासको अवधारणा र अहिलेको विकासको अवधारणा उस्तै छ। विकासका लागि पुरानै शैली अप्नाइएको छ।" तिवारीले ठाउँ अनुसारको विकासकाआयोजनाकाकार्यक्रमहरु तय गर्नुपर्नेमा जोड दिएका छन्। उनले सरकार र नीजि क्षेत्रको समन्वयमा नै विकासले गति लिने बताए । उनले विकासका योजनालाई भू–उपयोग, इन्भेष्टमेण्ट प्लान र आर्थिक गरी तीन भागमा विभाजन गरेका छन् । पोखरा महानगरका सहरी योजना आयोगका उपाध्यक्ष डा. आरसी लामिछानेले विकासलाई नै गलत तरिकाले बुझिएको बताए । उनले भने,"हामीले विकासलाई गलत तरिकाले बुझेका छौं । पहिलो पंचवर्षिय योजना देखि १५ औं पंचवर्षिय योजना सम्म आइपुग्दा पनि विकासको परिभाषालाई बुझ्न सकेका छैनौं । विकासलाई भौतिक पूर्वाधारको रुपमा मात्र बुझ्न उचित हुँदैन ।"

विकास भनेको आधार भूत आवश्यकता पूर्ति गर्ने खालको हुनुपर्नेमा उनको जोड छ । चाहेको पेशा सहज र सरल तरिकाले गर्न पाउने गरी विकासका अवधारणाहरु आउनुपर्ने तर्क उनको छ। स्वयम आफ्नो बारेमा चिन्ता नभएसम्म विकास असम्भव रहने उनले बताए। उनले पोखरा महानगरले ४६ प्रतिशत बजेट प्रशासनिक खर्चका लागि र बाँकी ५४ प्रतिशत बजेट क्रमागत योजनाका लागि छुट्याउँदै आएको जानकारी गराए। जसमा नयाँ योजनाका लागि मात्र १० देखि १५ प्रतिशत बजेट विनियोजन हुने गरेको उनले बताए । लामिछानेले पोखराको विकासका लागि अब सफ्टवेयर बिजनेसको आवश्यकता रहेको उल्लेख गरे। अब पोखरा डिजीटल मार्केटिङमा जानुपर्नेमा उनले जोड दिएका छन्। उनले अबको ५ वर्षमा पोखराले विकासमा चरम परिवर्तन ल्याउने दाबी गरेका छन्।

नेपाल उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य बाबुराम गिरीले प्राकृतिक रुपमा पोखरा सुन्दर हुँदाहुँदै पनि विकासमा सोचेजस्तो प्रगती हुन नसकेको बताए । उनले पोखराको विकासका लागि यहाँ भएका सम्पूर्ण क्षेत्रलाई साझा रुपमा लैजानुपर्ने धारणा राखे । गिरीले अबको विकास सन्तुलित तवरको हुनुपर्ने बताए। राजनीतिक पहुँचका आधारमा आयोजना छनोट हुनु गलत भएको बताउँदै गिरीले आवश्यकताका आधारमा विकासका आयोजना छनोट हुनुपर्नेमा जोड दिए।

गिरीले भने," नीजि क्षेत्र विकासको साझेदार हो। नीजि क्षेत्र विना सरकार चल्दैन । आर्थिक, भौतिक विकासका लागि पनि सरकारले नीजि क्षेत्रसँगै समन्वय गरेर अगाडि बढ्नुको विकल्प छैन ।" उनले नीजि क्षेत्रलाई निर्वाध रुपमा काम गर्ने वातावरण सरकारले बनाउनुपर्ने बताए । लेखनाथमा बन्ने भनिएको सबै विकास आयोजना कुरामा मात्रै सिमित रहेको बताउँदै उनले सरकारलाई चाँडै भन्दा चाँडै उक्त आयोजनालाई सुचारु गर्न आग्रह गरेका छन् ।

लेखक तथा अध्येता भानु पराजुलीले विकास र वृद्धिलाई छुट्याउन नसक्दा समस्या आएको बताए। उनले राजनीतिक पूर्वाग्रहले विकास हुँदा भनेजस्तो प्रगती हुन नसकेको बताए। उनले आयमुलक रोजगारीको विकास हुनुपर्नेमा जोड दिएका छन्। गरिबका लागि बसपार्कको राम्रो सुविधा नहुने तर एयरपोर्टका विषयमा मात्र पोखरामा बेलाबेलामा आन्दोलन भइरहने प्रवृति राम्रो नभएको उनले उल्लेख गरेका छन्।

विकासको आलोचनात्मक रुपमा विश्लेषण हुन नसक्दा सोचेजस्तो प्रगती हुन नसकेको तर्क उनको छ । पराजुलीका अनुसार पोखराका विकासका लागि कृषि र पर्यटन क्षेत्र नै प्रमुख आधार हुन् । "पोखराका उत्पादनमुखी जग्गा घडेरीमा परिवर्तन हुनुहुँदैन",उनले भने।

# अक्सिजन प्रयोग गरिने उद्योग बन्द गर्न स्वास्थ्य मन्त्रालयको आग्रह

**रासस**
**काठमाडौं, १३ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अक्सिजन प्रयोग गरिने उद्योगधन्दा केही समयका लागि बन्द गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आग्रह गरेको छ।

स्वास्थ्य मन्त्रालयले उद्योग मन्त्रालयलाई पत्र लेख्दै कोभिड-१९ का सङ्क्रमितको उपचारमा अक्सिजन अभाव हुन नदिनका लागि उद्योगधन्दा केही समय बन्द गर्न आग्रह गरेको हो।

मन्त्रालयका वरिष्ठ सहायक प्रशासक डा समीरकुमार अधिकारीले भारतमा सङ्क्रमणको अवस्था खराब भई अक्सिजन नपाएर सङ्क्रमितको मृत्यु भइरहेकाले नेपालमा पनि त्यस्तो अवस्था नआओस् भन्नाका लागि त्यस्ता उद्योगधन्दा केही समय बन्द गर्न मन्त्रालयलाई सोमबार पत्राचार गरिएको जानकारी दिए। पत्रमा "अक्सिजनसहित अक्सिजन सिलिण्डरको कालोबजारी, विदेश पैठारी भई स्वदेशमा अप्ठयारो हुने अवस्थाको सिर्जना हुन नदिन, नेपाली बजारमा प्रशस्त अक्सिजन र अक्सिजन सिलिण्डरको व्यवस्था गरिदिनुहुन तथा अस्पतालमा उपचारका लागि प्रयोग हुने अक्सिजन उद्योगधन्दामा केही समयका लागि प्रयोग बन्द गर्न वा बन्द गर्न नसकिने अवस्थामा निकै कम खपत गर्न" उल्लेख गरिएको छ।

आइतबार एकै दिन २८ सङ्क्रमितको निधन हुनाका साथै तीन हजार १२२ नयाँ बिरामी भेटिएका थिए । नेपालमा अहिलेसम्म तीन लाख ११९ सङ्क्रमित, दुई लाख ७७ हजार ५७३ निको र तीन हजार १६४ को निधन भइसकेको छ।


**कर्मचारी आवश्यकता**

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको लागि कर्मचारी तुः आवश्कता परेको हुँदा योग्यता पुगेका नेपाली नागरिकले तुरुन्त अवेदन दिनुहुन अव्हान गरिन्छ।

शैक्षिक योग्यताः कम्तिमा १२ पास
समय : १०–५ बजेसम्म
तलबः आपसी समझदारीमा

**पदपुर्ति उपसमिति**
गण्डकी प्रदेश, पोखरा-१०, बुद्धचोक
सम्पर्क नं. ९८५६०३६१७८



**फागुनदखि बैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्न, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशिल बस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्न यस्ता कुराहरुबाट सजग हुन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना विभाग**







**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# धरहरा पुनः निर्माणले जगाएको आशा

छ बर्ष अघि गएको महाभूकम्पले पुर्‍याएको मानवीय क्षतिपुर्ति हुन सक्दैन । भौतिक क्षति क्रमिक रुपमा उठ्दैछ । २०७२ वैशाख १२ गते गएको भूकम्पले पूर्ण रूपमा ध्वस्त भएको धरहरा पुनर्निर्माण भएको छ । धरहरा ठडिनु नेपालको ढलेको शिर पुनः ठडिनु हो । बीस १९९० सालमा गएको विनाशकारी भूकम्पले ११ तले धरहरा भत्किएपछि ९ तले भएको थियो । अहिले धरहरा २२ तले बनेको छ । १५औं लोकतन्त्र दिवसको अवसर पारेर प्रधानमन्त्री केपी शर्मा ओलीले धरहरा उद्घाटन गरेका छन् । ओलीले पहिलोपटक प्रधानमन्त्री बनेको बेला २०७२ फागुन ४ गते 'मेरो धरहरा मै बनाउँछु' अभियान थालेका थिए। दोस्रोपटक प्रधानमन्त्री बनेपछि शुभारम्भ गरेको धरहरा दुई वर्ष भित्र निर्माण हुनु अठोट र निरन्तरको अनुगमनको परिणाम हो । पुनर्निर्माण प्राधिकरणले नेपाली धरोहरको रुपमा रहेको धरहराभन्दा अघि काठमाडौंको मुटुमा रहेको रानीपोखरीको पुनर्निर्माण सम्पन्न भइसकेको छ । भूकम्प पछि ऐतिहासिक र साँस्कृतिक सम्पदाको निर्माण भएका छन् ।

काष्ठमण्डपको काम भन्डै ९० प्रतिशत सकिएको छ। यसैगरी क्षतिग्रस्त यस्तै ९२० वटा सम्पदामध्ये ४९३ को पुनर्निर्माण सकिएको छ । २८८ वटा सम्पदा पुनर्निर्माण भइरहेका छन् । पुनर्निर्माण प्राधिकरणले अनुदान सम्झौता गरेका ८,११,७५४ लाभग्राहीमध्ये घरको पुनर्निर्माण सुरु गरेका कुल लाभग्राहीको संख्या ७,५३,१०४ पुगेको छ । अर्थात् भन्डै ९३ प्रतिशत काम सकिएको छ । पहिलो किस्ता वितरणको त ९९.८६ प्रतिशत नै काम सकिएको छ भने दोस्रोको पनि ८६.७८ र तेस्रोको ७८.६६ प्रतिशत पुगिसकेको छ । विश्वव्यापी महामारी कोरोना संक्रमण र अन्य विभिन्न बाधाअड्चनबिच पुनर्निर्माण र पुनर्स्थापनाको प्रमुख क्षेत्र निजी आवासमा ९३ प्रतिशत कार्य सम्पन्न हुनुलाई सफलता मान्नुपर्छ । क्षतिग्रस्त ७,५५३ विद्यालयमध्ये ८३ प्रतिशत, १,१९७ स्वास्थ्य संस्थामध्ये ६९८, ४१५ सरकारी भवनमध्ये ९० प्रतिशत, सुरक्षा निकायका २१६ संरचनामध्ये २१४ को पुनर्निर्माण सकिनुलाई पनि सकारात्मक मान्नुपर्छ । विभिन्न जिल्लामा ७६२ किलोमिटर सडक पुनर्निर्माण गर्नुपर्नेमा ५२५ सम्पन्न भएको र बाँकी चालु आवमै सम्पन्न हुन सकेमा आशा पलाउँछ । पुनर्निर्माणका लागि विनियोजित ४ खर्ब ८८ अर्बमध्ये सरकार एवं दातृनिकायको हालसम्म ३ खर्ब ५७ अर्ब रुपैयाँ खर्च भएको छ ।

६ वर्षअघि गएको शक्तिशाली भूकम्पबाट ८,९७९ जनाको मानवीय क्षति भएको थियो भने २२,३०९ घाइते भएका थिए। २९ मानव बस्ती, ५३ सडक, ३२१२ खानेपानी संरचना, ७५५३ शिक्षण संस्थाका ४९६८१ कक्षाकोठा क्षतिग्रस्त बनेका थिए। यति ठूलो विपत्ति र महिनौंसम्म चलेको पराकम्पको असरको सामना गर्दै यहाँसम्म आइपुग्नुलाई नजरअन्दाज गर्न मिल्दैन। यसले के देखाउँछ भने ६ वर्षे चुनौतीपूर्ण पुनर्निर्माणको यात्रामा नेपालले 'गर्दै सिक्दै' विश्वसामु पुनः पुरानै स्वरूपमा फर्कन सफल भएको प्रमाणहरू पेश गरिरहेको छ ।

भूकम्प जस्तो विपद्लाई अवसरमा ढाल्न नेपाल सरकार सफल भएको छ किनकि पुनर्निर्माण अहिले सम्पन्नताको चरणमा पुगेको छ । भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १८ गरी ३२ जिल्लालाई सामान्य अवस्थामा फर्काउनु चानचुने प्रयास होइन । त्यसमाथि अधिकांश जिल्ला दुर्गम र पहाडी छन् जहाँ जोखिमयुक्त बस्ती पनि थिए। करिब पाँच हजार नागरिकका लागि दर्जनौं बस्ती नै स्थानान्तरण गर्नु, ६४ वटा एकीकृत बस्तीहरूको निर्माण गर्नु र ३३ वटा बस्ती सुधार गर्नु आदि सबै सम्भव भइसक्न लागेका छन् । बस्ती स्थानान्तरणदेखि जोखिमपूर्ण सम्पदालाई मौलिक स्वरूप दिएर पूर्ववत् अवस्थामा फर्काउनेजस्ता काममा अनेक जोखिम र समस्या चिर्दै पार लगाउनुले नेपाल सरकारले पुनर्निर्माण कार्यमा प्रसंशनीय कार्य गरेको ठहर्छ । पुनर्निर्माणका बाँकी कार्यलाई पनि सरकारले समयमै गुणस्तरीय ढंगले सम्पन्न गर्नु अबको आवश्यकता हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शारिरीक झमेला | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बड्ने | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तीन हजार ५५६ जनामा कोभिड-१९ को संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

देशभरिमा तीन हजार ५५६ जनामा कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ । सोमबार नै ३७८ जना निको भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले पिसिआर प्रविधिबाट १२ हजार ४०० र एन्टिजिन विधिबाट ८९३ गरी जम्मा १३ हजार २९३ को परीक्षण गरेको थियो । हाल होम आइसोलेशनमा २० हजार ५३५ र संस्थागत आइसोलेशनमा एक हजार ८९९ रहेका छन् । त्यस्तै, आइसियु २६८ र भेन्टिलेटरमा ७८ रहेका छन् । हाल देशभरका ७७ जिल्लामा नै सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । हालसम्म पिसिआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या २४ लाख १७ हजार ४१७ रहेको मन्त्रालयले जनाएको छ । प्रतिदश लाख जनसङ्ख्यामा ८२ हजार ९६७ को परीक्षण भएको छ । हालसम्म देशभरमा गरी जम्मा तीन लाख तीन हजार ५६१ लाई सङ्क्रमण पुष्टि भइसकेको छ ।

त्यसमध्ये महिलाको सङ्ख्या एक लाख आठ हजार ५३५ र पुरुषको सङ्ख्या एक लाख ९५ हजार २६ रहेको छ । निको भएकाको दर ९१ दशमलव पाँच प्रतिशत छ । पछिल्लो २४ घण्टामा रिपोर्ट प्राप्त भएको मृत्यु सङ्ख्या १२ रहेको छ ।

# भारतमा तीन लाख ५२ हजार संक्रमित

**रासस**
**काठमाडौं, १३ बैशाख**

भारतमा गत २४ घण्टामा तीन लाख ५२ हजारभन्दा बढी नागरिक कोरोना भाइरस सङ्क्रमित भेटिएका छन् । एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो पाँचौं दिन भएको बताइएको छ ।

त्यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार ८१२ जनाको ज्यान गएको छ । त्यसैसँगै भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ९५ हजारभन्दा बढी व्यक्तिको निधन भइसकेको छ । यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ७० लाखभन्दा बढी व्यक्ति सङ्क्रमित हुनपुगेका बताइएको छ । भारतमा हाल २८ लाख १३ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । भारतमा हालसम्म एक करोड ४३ लाखभन्दा बढी कोरोना मुक्त भएका छन् । गत २४ घण्टामा मात्र दुई लाख १९ हजार २२७ जना कोरोना मुक्त भएका छन् । कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ । यद्यपि संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए । भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड–१९ लाख ११ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन् ।

कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ । भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुटनिक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन् ।

भारतमा सोमबार मात्रै १४ लाख दुई हजार ३६७ जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ । अप्रिल २५ सम्म कूल २७ करोड ९३ लाख २१ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ ।

# भारतलाई विश्वको सहयोग

**रासस**
**काठमाडौं, १३ बैशाख**

दोस्रो वेभका रुपमा आएको कोरोना भाइरस महामारीका कारण गम्भीररुपमा प्रभावित भएको भारतलाई अमेरिकासहित विश्वका कैयौं देशले आपतकालीन स्वास्थ्य सामग्री तथा औषधि सहयोगको बाचा गरेका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि भारतलाई आवश्यक र सक्दो सहयोग गर्ने बताउनुभएको छ । उहाँले भन्नुभएको छ "जसरी भारतले हामीलाई महामारीको सुरुवाती चरणमा अस्पतालको सहयोगका निम्ति मद्दत गर्‍यो, अहिले हामी पनि भारतलाई मद्दत गर्नेछौं," उहाँले भन्नुभएको छ।

यसअघि भारतमा कोभिड विरुद्धको खोप आस्ट्राजेनेका खोप निर्माणका निम्ति आवश्यक कच्चा पदार्थमा रोक लगाएको थियो तर त्यो निर्यात प्रतिबन्धलाई अमेरिकाले हटाइदिएको बताएको छ । बेलायतले भारतमा भेन्टिलेटर तथा अक्सिजनको प्रयोगका लागि आवश्यक उपकरण पठाउन थालेको छ । युरोपेली युनियनका सदस्य राष्ट्रले पनि भारतलाई विभिन्न खालको सहयोग पठाउँदैछन् ।

भारतीयराजधानीनयाँदिल्लीका अस्पताल बिरामीले भरिएका छन् । यहाँ आएका बिरामीलाई अस्पतालले फर्काउँदैछन् । त्यस्तै पछिल्लो समयमा त्यहाँ लकडाउन पनि लम्ब्याइएको छ ।

भारत सरकारले अक्सिजनको उत्पादनमा बढाउने योजना थालेको छ । भारतले देशभरमा ५०० वटा अक्सिजन उत्पादनसम्बन्धी कारखाना खोल्न अनुमति दिएको बताइएको छ ।

# एम्बुलेन्स खरीद गर्ने

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ बैशाख**

व्यास नगरपालिका–१० स्थित नेपाल रेडक्रस सोसाइटी दुम्सिकोट उपशाखाले सामुदायिक एम्बुलेन्स खरिद गर्ने भएको छ ।

सोसाइटीले केही महिनादेखि थालेकोचन्दासङ्कलनअभियानअन्तर्गत हालसम्म रु २४ लाख ४० हजार सङ्कलन भएको छ । रु ३० लाख सङ्कलन गर्ने उद्देश्यसहित अभियान थालिएको उपशाखाका अध्यक्ष रामदत्त पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्कलन भएको रकममध्ये रु १७ लाखको एम्बुलेन्स खरीद गरिने र रु १३ लाख सेवा सञ्चालनका लागि राखिनेछ । एम्बुलेन्स खरीद अभियानमा व्यक्ति, टोल विकास संस्था, विभिन्न सङ्घसंस्था, देश तथा विदेशमा रहनुभएका नेपालीको सहयोगले एम्बुलेन्स खरीद गर्ने सपना पूरा भएको अर्थ सङ्कलन समितिका संयोजक ईश्वर पौडेलले जानकारी दिनुभयो ।

# कोरोना नियन्त्रणका योजना कागजमै सीमित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ बैशाख**

कोभिड–१९ को दोस्रो लहरबाट म्याग्दीमा पनि सङ्क्रमण फैलिँदै गएको छ । पूर्वतयारी, निर्णय कार्यान्वयन, फितलो समन्वय र कमजोर व्यवस्थापनले जोखिम बढाएको छ । कोरोना नियन्त्रणका लागि गरिएका निर्णय सम्बद्ध पक्षको बेवास्ताले कागजमै सीमित बनेको हो ।

कोभिड–१९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रका अध्यक्षसमेत रहनुभएका म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले नाकामा तीनवटै सुरक्षा निकाय र स्थानीय तहका कर्मचारीको उपस्थितिमा होल्डिङ सेन्टर सञ्चालन गरेको बताउनुहुन्छ तर आइतवार दिउँसो म्याग्दीको प्रमुख नाका कालीपुल पुग्दा त्यस्तो देखिएन ।

कालीपुलको नाकामा एक जना नेपाल प्रहरीका कर्मचारीले मात्र जाँच गरिरहेका थिए । स्थानीय तहका कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका सुरक्षाकर्मीको उपस्थितिमा सञ्चालन गरिएको भनिएको होल्डिङ सेन्टर बन्द थियो । बजारमा बढ्दो भिडभाड तथा स्वास्थ्य सुरक्षाको मापदण्ड पालनामा भएको लापरवाहीले म्याग्दीमा कोरोना भाइरसको सङ्क्रमणको दर बढ्न थालेको हो । यही वैशाख ९ गते ११ जनामा कोरोना पुष्टि भएको म्याग्दीमा आइतवार थप छ जनामा कोरोना सङ्क्रमण भएको छ । यही दरमा सङ्क्रमण बढेको अवस्थामा अस्पताल र स्वास्थ्य संस्थाले कोरोनाका बिरामीको उपचारका लागि चाप धान्न नसक्ने चिकित्सकले बताएका छन् । बेनी अस्पतालका चिकित्सक नवराज बस्ताकोटीले स्वास्थ्य सुरक्षा मापदण्ड पालनामा भएको लापरवाहीले सङ्क्रमण फैलिएको बताउनुभयो । "हात धुने ठाउँ हटेका, भीडभाड हुन थालेका, मास्क लगाउन छाडेका छन्", उहाँले भन्नुभयो, "ओपिडिमा धेरैजसो श्वासप्रश्वासका बिरामी आउन थालेका छन् । भिड नियन्त्रण र अनुशासनमा नरहने हो भने म्याग्दीमा कोरोना भयावह हुने खतरा छ ।"

विदेश, कोरोना फैलिएका जिल्ला तथा शहरमा हुने आवतजावत, पर्यटक, मेला, जात्रा, धार्मिक र सांस्कृतिक कार्यक्रम, राजनीतिक गतिविधिले कोरोना फैलिने जोखिम बढाएको हो । बेनी अस्पतालमा पाँच शय्या क्षमताको सघन उपचार कक्ष सञ्चालन र सबै शय्यामा पाइपबाट अक्सिजन आपूर्ति गराउने व्यवस्था मिलाइएको छ । स्थानीय तहले स्थापना गरेका पाँच/पाँच शय्या क्षमताको कोरोना अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीको तीन महिनाका लागि गरिएको करार सम्झौताको म्याद सकिएको छ । धौलागिरि गाउँपालिकाले भर्ना गरेका चिकित्सकलाई सेवा करारको अवधि थप गर्न लागेको छ । बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणमा भएको ढिलाइले सङ्क्रमितको उपचारमा पूर्वाधार अभाव भएको व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो । "भवन निर्माण अलपत्र हुँदा पूर्वाधार अभावले नियमित सेवा प्रवाह र उपचार प्रभावित बनेको छ", उहाँले भन्नुभयो, "निर्माणाधीन भवनका केही कोठालाई रङरोगन र व्यवस्थापन गरेर कोरोना अस्पताल बनाउने छलफल चलेको छ तर कोरोना अस्पताल राखेको निहुँमा ठेकेदारलाई वाहना खोज्ने वातावरण नबनोस् भनेर सचेत हुनुपर्ने छ ।"

सेवाग्राहीको भीडभाड हुने सरकारी कार्यालय, बैंक, वित्तीय, शैक्षिक संस्थामा मास्क, स्यानिटाइजरको प्रयोग र हात धुने व्यवस्था छैन । जोखिम बढे पनि स्थानीय तह, सुरक्षा निकाय, प्रशासन र कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रबीच समन्वयमा काम हुन सकेको छैन तर प्रजिअ अधिकारी भने सुरक्षा निकायले पूर्णरूपमा साथ दिएको र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय भएको जिकिर गर्नुहुन्छ । होल्डिङ सेन्टरमा बाहिरबाट आउनेको विवरण दर्ता गरेर सम्बन्धित वडा र पालिकासँग समन्वय गरेर पठाउने व्यवस्था मिलाएको प्रजिअ अधिकारीले बताउनुभयो ।

कोरोना पुष्टि भएकाको पसल बन्द गराएको, सम्पर्कमा रहेकालाई क्वारेन्टिनमा बस्न लगाएको प्रजिअले बताउनुभयो । सचेतनाका लागि जिसस प्रमुख देवेन्द्र केसीको उपस्थितिमा बजारमा घरदैलो गरे पनि नागरिकले मापदण्ड पालनामा बेवास्ता गरेका उहाँले गुनासो गर्नुभयो ।

# गुर्जो उपयोगी, आयुर्वेदिक औषधिको माग बढ्दो

**–पूर्णप्रसाद मिश्र**
**काठमाडौं, १३ बैशाख**

नयाँ भेरियन्टसहितको कोरोनाको सङ्क्रमण फैलिएका बेला रोगबाट बच्न आयुर्वेदिक गुण युक्त वनस्पति गुर्जोको परिकार सेवन गर्नेको सङ्ख्या बढ्न थालेको छ ।

कोरोना पोजेटिभ भएकाले पनि गुर्जोका परिकार सेवन गर्न थालेपछि रिपोर्ट नेगेटिभ आएको अनुभव सुनाएका छन् । ललितपुर महानगरपालिका–८ बालकुमारीका जनकमान जोशीलाई चार महिनाअघि कोरोना पोजेटिभ देखियो । युट्युव, पत्रपत्रिकालगायत सामाजिक सञ्जालमा समेत गुर्जोको चर्चा सुनेपछि धुलो र चिया नियमित सेवन गरेको १४ दिनपछि ठीक भएको उहाँले जानकारी दिनुभयो ।

आन्तरिक राजश्व कार्यालय धुलिखेलका कार्यालय प्रमुख कमलबहादुर राजलवटलाई सम्पर्क गरेर उहाँले गुर्जोको धुलो र चिया माग गर्नुभएको थियो । रोग प्रतिरोधी क्षमता बढाउने वनस्पतिका रुपमा परिचित गुर्जोका परिकारले कोरोनाका साथै अन्य स्वास्थ्य समस्या समाधानका लागि सहयोग गरेको जोशीको भोगाइ छ । सिराहा लाहानका बेचुलाल श्रेष्ठको परिवारमा छोरा, बुहारी र नातिलाई कोरोना पोजेटिभ देखियो । परिवारका तीन जनामा कोरोना देखिएपछि डराउनुभएका श्रेष्ठले गुर्जोले कोरोनाबाट बचाउन सहयोग गर्छ भन्ने सुन्नुभएको थियो । उहाँले पनि राजलवटसँग सम्पर्क गरेर गुर्जोका परिकार लिनुभयो । कोरोना हुने र नहुने परिवारका सदस्यले नियमित सेवन गरेपछि ठीक भएको उहाँले सुनाउनुभयो । परिवारमा सङ्क्रमण भेटिएपछि सबै जना एकान्तवासमा बसेर नियमित गुर्जोका परिकार सेवन गरेर स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएको श्रेष्ठले बताउनुभयो । काठमाडौं निर्वाचन क्षेत्र नं. १ (क) बाट निर्वाचित वाममती प्रदेशसभा सदस्य दीपेन्द्र श्रेष्ठले भने गुर्जोसँगै तातो पानी पिउने, वाफ लिने र पौष्टिक आहार सेवन गर्न थालेपछि कोरोना भगाउन सफल भएको बताउनुभयो । कोरोनाले स्वास्थ्यमा अप्ठ्यारो भने पारेको उहाँको अनुभव छ ।

कोरोना बढेपछि मदनकृष्ण श्रेष्ठको परिवारका पाँचै जना सदस्यलाई कोरोना पोजेटिभ देखियो । यो खबर सुनेपछि गुर्जो चिया र गुर्जो सहितको धुलो औषधी ललितपुरको सुनाकोठीस्थित घरमै पुगेर दिइएको अभियानकर्मी राजलवटले सुनाउनुभयो । कलाकार श्रेष्ठलाई अक्सिजन बढाउन तथा फोक्सोलाई बलियो बनाउन सहयोग हुने प्राणायम पनि गराइएको योग शिक्षकसमेत रहनुभएका उहाँले बताउनुभयो । श्रेष्ठसँगै उहाँको सबै परिवारलाई गुर्जोको औषधीसँगै प्राणायामको विशेष प्रकार पनि सिकाइएको थियो । राजलवटले विसं २०७६ चैतमा नेपालमा कोरोना सङ्क्रमित देखिएदेखि नै गुर्जोका बिरुवा, धुलो, औषधि र चिया निःशुल्क वितरण गर्दै आउनुभएको छ । यसअघि राजश्व कार्यालय लाहानको प्रमुख रहनुभएका राजलवटले त्यहाँको सरकारी निवास परिसरमा गुर्जोका बिरुवा उत्पादन गरी देशव्यापी रुपमा वितरण शुरु गर्नुभएको हो ।

हालसम्म एक लाख ६० हजारभन्दा बढी गुर्जोका बिरुवा वितरण गरिएको उहाँले सुनाउनुभयो । यति नै सङ्ख्यामा गुर्जोबाट बनेको चिया र धुलो पनि निःशुल्क वितरण गरिएको छ। सार्वजनिक स्थलमा हुने कार्यक्रममा निःशुल्क गुर्जोको चियासमेत करिब दुई लाख मानिसलाई खुवाइएको राजलवट बताउनुहुन्छ । गुर्जोका परिकारले कब्जियत हटाउने, तरोताजा एवं स्फूर्तिसमेत बढाउने सेवनकर्ताको अनुभव छ । यस्ते महत्वको औषधि भएकाले एक घरमा अनिवार्य रुपमा एउटा गुर्जोको बिरुवा रोपे धेरै रोगका लागि औषधिको काम गर्ने, नियमित सेवनले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढ्ने आयुर्वेद चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ ।

आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरि नुपर्ने उहाँले बताउनुयो । हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधीय गुणले युक्त जडिबुटी एवं वनस्पति भएपनि तिनको सदुपयोग हुन सकेको छैन । कतिपय जडिबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधी नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ । आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक आचार्यको भनाई छ । आयुर्वेद औषधी उत्पादन गर्ने सिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागकाले सराकोर भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको भनाई छ । राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र हाल ६५ जना कोरोना सङ्क्रमित राखी आयुर्वेद औषधी दिइएको छ । यसअघि पनि सयौं कोरोनाका बिरामी केन्द्मा राखेर आयुर्वेद औषधि नै दिएर उपचार गरेर पठाइएको थियो । अस्पताल, तालीम र अनुसन्धान केन्द्र भएकाले दिइएका औषधीका विषयमा अनुसन्धानसमेत भइरहेको केन्द्रका कार्यकारी निर्देशक डा रामआधार यादवले सुनाउनुभयो । केन्द्रमा आउने कोरोना बिरामीलाई गुर्जो, सुठो, मरिच, पिप्ला, अभ्रकभष्मलगायत आयुर्वेदिक वनस्पतिको ट्याबलेट बनाएर नियमित खुवाउने गरिएको छ । केहीलाई भने अक्सिजन दिनुपर्छ । हालसम्म केन्द्रमा भर्ना भएका कोरोनाका बिरामीको निधन नभएको कार्यकारी निर्देशक डा यादवले जानकारी दिनुभयो । रोग प्रतिरोधी क्षमता बढाउने आयुर्वेदिक औषधिको माग बजारमा बढ्न थालेको छ । सिंहदरबार वैद्यखाना विकास समितिका निमित्त कार्यकारी निर्देशक डा सबरी साह गुर्जो चिया, तुलसी चिया, सिलाजित, च्यवनप्राश, अश्वगन्ध तेल, र अविपत्तिकर चूर्णलगायतको माग बढिरहेको बताउनुहुन्छ ।

# बन्दीपुरको विकासका लागि बीस वर्षे गुरुयोजना

–कृष्ण न्यौपाने
दमौली, १३ बैशाख (रासस)

प्राकृतिक सुन्दरता, भूबनोट र मौलिक सांस्कृतिक विशेषताले पहाडकी रानी उपनाम पाएको तनहुँको बन्दीपुर गाउँपालिकाले यहाँ पुग्ने जसलाई पनि लोभ्याउने गर्दछ।

विसं २०२५ मङ्सिर १ गते सदरमुकाम दमौलीमा स्थानान्तरण हुनुअघि बन्दीपुर तनहुँ जिल्लाको सदरमुकाम पनि थियो।

समुद्र सतहबाट एक हजार ३० मिटर उचाईमा अवस्थित बन्दीपुर मगर, गुरुङ र नेवार समुदायको कला, संस्कृति, प्यागोडा शैलीका मठमन्दिर, प्राचीन कलात्मक घर, ढुङ्गा बिछ्याइएका बाटोघाटोले आकर्षणको केन्द्रविन्दु बनिरहेको छ । पृथ्वी राजमार्गको डुम्रेबजार हुँदै दक्षिणी भागमा फैलिएको गाउँपालिकामा छ वटा वडा छन् । बन्दीपुरको कूल क्षेत्रफल १०२ वर्गकिमि हो । विसं २०६८ को जनगणनाअनुसार यहाँको कूल जनसङ्ख्या २० हजार १३ रहेको छ।

गाउँपालिकाले पर्यटन, कृषि एवं पशुपालन र व्यापारको क्षेत्रमा ठूलो सम्भावना बोकेको छ। यहाँका बहुसङ्ख्यक बासिन्दा कृषि पेशामा संलग्न छन् । आर्थिक क्रियाकलापबाट स्थानीय वासिन्दाको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले गाउँपालिकाले पर्यटन, कृषि र पूर्वाधारलाई प्राथमिकतामा राखेर गुरुयोजना बनाएको छ । राज्यका निर्देशक सिद्धान्तको आधारमा गाउँपालिकाले गर्ने विकासका योजनालाई केन्द्रित गर्न वाञ्छनीय देखिएकाले गाउँपालिकाले एकीकृत विकास गुरुयोजना बनाएर अघि बढेको बताउनुहुन्छ गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा।

"भोलिको बन्दीपुर कस्तो बनाउने भन्ने कुरा आजैबाट तयारीका साथ लाग्नुपर्दछ र त्यो तयारी स्वरुप हामीले गाउँपालिकाको बीस वर्षे एकीकृत गुरुयोजना तयार गरेका छौँ," उहाँले भन्नुभयो, "बन्दीपुर विकासको मूल आधार नेपाली विशेषताको कृषि र प्राकृतिक तथा सांस्कृतिक पर्यटनलाई लिइएको हुँदा हामी आधुनिक कृषिप्रणाली र पर्यावरणीय पर्यटनको सङ्ख्यात्मक वृद्धिमात्र नभएर गुणात्मक विकास गर्न चाहन्छौँ।"

अध्यक्ष थापाका अनुसार गाउँपालिकाले समग्र बन्दीपुरको विकासको सम्भावना पर्यटनबाट देखेको छ । पर्यटनलाई कृषि र जीविकोपार्जनका अन्य व्यवसायसँग एकीकृत गर्न सकेमा गरिबीबाट मुक्त हुन सक्ने विश्वास उहाँको छ । गाउँपालिकाले निर्माण गरेको गुरुयोजनाले पर्यटन, कृषि तथा पशुपंक्षीपालन, लघुउद्यम, भौतिक पूर्वाधार र सांस्कृतिक सम्पदाको संरक्षणलाई एकीकृत गर्दै समृद्ध बन्दीपुर र सुखी बन्दीपुरवासीको परिकल्पना गरेको थापाले बताउनुभयो। गाउँपालिकाले संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा क्षेत्र, कानूनी तथा नीतिगत व्यवस्था उपक्षेत्र, पालिकाको संस्थागत संरचना विकास तथा सुधार उपक्षेत्र, सुशासन, पारदर्शीता र जवाफदेहिता उपक्षेत्र, आर्थिक विकास क्षेत्र, कृषि, बागवानी, पशुपंक्षीपालन उपक्षेत्र, जनपर्यावरणमैत्री पर्यटन विकास उपक्षेत्र, उद्योग व्यवसाय प्रबर्द्धन र उद्यमशीलता विकास उपक्षेत्र, सामाजिक विकासका लागि सार्वजनिक उत्तरदायित्व क्षेत्र, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, युवा, खेलकूद र संस्कृति लगायतलाई आधार मानेर गुरुयोजना बनाएको छ। पर्यटन तथा सत्कार उद्योग क्षेत्रलाई बन्दीपुर गाउँपालिकाले आर्थिक समृद्धिको महत्वपूर्ण अवसरका रुपमा लिएको छ । अठारौँ शताब्दीतिर हालको गण्डकी प्रदेशमा रहेका विभिन्न ससाना राज्यले भोटदेखि भारतसम्म व्यापार गर्ने नाकाका रुपमा बन्दीपुर बजार विकास भएको मानिन्छ । विशेषगरी दुई सयवर्षको हाराहारीमा निर्माण गरिएका घर सांस्कृतिक धरोहरका रुपमा रहेका छन् । "पर्यटनका माध्यमबाट रोजगारीका अवसर वृद्धि गरी जनताको जीवनस्तर उकास्ने लक्ष्य लिएका छौ," गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले भन्नुभयो, "त्यसका लागि पर्यटन पूर्वाधार निर्माण अहिलेदेखि नै शुरु भइसकेको छ ।" बाह्य पर्यटकको सम्भावना अनुरुप वृद्धि हुने पोखरा र चितवन गन्तव्यलाई लक्षित गरी आउने पर्यटकमध्ये ३० प्रतिशतको अतिरिक्त गन्तव्यका रुपमा बन्दीपुरलाई पाँच दिनको पर्यटन बसाइ स्थलका रुपमा विकास गर्ने परिकल्पना गरिएको गुरुङ बताउनुहुन्छ। पर्यटन र अतिथि सत्कार क्षेत्रको व्यावसायिक विकास गरी पाँच वर्षको अवधिमा कम्तिमा दश हजार मानिसका लागि थप प्रत्यक्ष रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । औषत वार्षिक दुई लाख २४ हजार पर्यटकले बन्दीपुरमा औषत पाँच दिन बिताउनेछन् । उनीहरुले औषत दैनिक रु पाँच हजार बराबर रकम खर्च गर्ने प्रक्षेपण छ । "बन्दीपुर आउने अधिकांश पर्यटक एकैदिनमा फर्किने गरेका छन्, उनीहरुलाई कम्तिमा दुई रात र तीन दिन बन्दीपुरमै बस्ने बनाउन बीस वर्षे गुरुयोजना बनाएर अगाडि बढेका छौँ," उहाँले भन्नुभयो, "त्यसका लागि पर्यटकीय पूर्वाधार पहिलो शर्त हो ।" गाउँपालिकाले बन्दीपुर गाउँपालिका-४ र ५ जोड्ने रानीवन क्षेत्रमा साइकल लेन निर्माण गरेको छ । मगर र गुरुङ गाउँलाई जोड्न र पर्यटकलाई आकर्षित गर्न गाउँपालिकाले ९ किमि साइकल लेन निर्माण गरेको छ। साइकल लेन मार्फत् वडा नं ४ को गुरुङ जातिको कोरिखा होमस्टे र वडा नं ५ को मगर जातिको रामकोट होमस्टे जोडिन्छ।

गाउँपालिकाले टुँडिखेलमा शिशाको दृश्यावलोकन विन्दु निर्माण गर्ने तयारी गरेको छ । जमिनको सतहबाट पाँच फिट अग्लो टावर निर्माण गरेर दृश्यावलोकन विन्दु निर्माण गरिनेछ। चीनको ग्रेटवालको झल्को दिने गरी गाउँपालिकाले मिनी ग्रेटवाल पनि निर्माण गरिरहेको छ । गत वर्ष एक हजार एक सय मिटर पदमार्ग निर्माण सम्पन्न भएको छ भने चालू आर्थिक वर्षमा पनि ३५ मिटर पदमार्ग निर्माण सम्पन्न भइसकेको छ। गत वर्ष रु ७० लाख खर्च भएकामा चालू आर्थिक वर्षमा रु तीस लाखको काम भइरहेको छ । कूल साढे दुई किलोमिटर दूरी रहने मिनी ग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना छ । गुरुयोजना अनुसारका पूर्वाधार निर्माणका लागि रु १९ करोड लागत अनुमान गरिएको छ । यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्क लगायतका संरचना निर्माण गर्ने योजना छ।

निर्वाहमुखी कृषिमा आश्रित जनसङ्ख्यालाई व्यावसायिक योजनाअनुसार कृषि, बागवानी र पशुपंक्षीपालनमा अगाडि बढाउने गाउँपालिकाको सोच रहेको प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदी बताउनुहुन्छ। त्यसका लागि गाउँपालिकाले योजना बनाएको छ। कृषि, बागवानी र पशुपंक्षीपालनको व्यावसायिक विकास गरी वार्षिक औषत प्रतिव्यक्ति आय रु ७५ हजार लाई बढाएर दोब्बर पुऱ्याउने र त्यसका लागि हरेक वडामा कम्तिमा १० उत्पादन वस्तुका आधारमा पकेट क्षेत्र निर्माण गरिने सुवेदीले जानकारी दिनुभयो । हरेक उत्पादन समूहका लागि वस्तुको गुणस्तरीय उत्पादनका लागि क्षमता अभिवृद्धि गरिने र उत्पादनवस्तुको सहज र गुणस्तरीय रुपमा उपभोक्ता समक्ष पुऱ्याउने गरी बजार श्रृङ्खलाको सबलीकरण गर्ने योजना छ । गुरुयोजनामा गाउँपालिकाले परिकल्पना गरेका सडक सञ्जाललाई मापदण्डयुक्त र वातावरणमैत्री बनाउने सोच राखिएको छ । सडक सञ्जालको लक्ष्य भनेको हरेक नागरिकलाई कम्तिमा आफ्नो घरबाट २० मिनेटको पैदलयात्रापछि मोटरयात्राको अवसर प्रदान गर्नु रहेको छ।

बन्दीपुर विकास गुरुयोजना निर्माण समितिका अध्यक्ष हेमराज लामिछानेले समृद्धि र विकास सबैको चाहना भएपनि चाहनाले मात्रै पूरा नहुने भएकाले गुरुयोजना बनाएर अगाडि बढ्न खोजिएको बताउनुभयो। "तत्कालीन, मध्यकालिन र दीर्घकालीन योजना कार्यान्वयनका लागि बजेट, लागू गर्ने निकाय, कार्यक्रम, अनुगमन, मूल्याङ्कन र पुनःवस्तुवादी योजना निर्माण गरी सबैको उचित समायोजनमा मात्रै समृद्धि हासिल गर्न सकिन्छ," उहाँले भन्नुभयो।

# अपाङ्गता भएका व्यक्तिलाई कुखुराका चल्ला वितरण

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख



अपाङ्गता भएका व्यक्तिलाई जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ पोखरामा विउ पुँजीका रुपमा कुखुराका चल्ला वितरण गरिएको छ।

नेपाल अपाङ्ग समाज सेवा संघ केन्द्रीय कार्यालय, पोखराको पहल एवम् गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा पहिलो पटक अति बिपन्न एवम् असक्त १५ परिवारलाई कूल ३०० वटा चल्ला वितरण गरिएको हो । सामाजिक विकास मन्त्रालयको रु.एक लाख ६० हजार आर्थिक सहयोगमा खुकुराको खोर सुधार, दाना सहित प्रत्येक परिवारलाई २०।२० वटाका दरले गिरिराज कुखुराका चल्ला वितरण गरिएको सेवा संघका केन्द्रीय अध्यक्ष बुद्धिबहादुर पन्त (बाग्दास) ले जानकारी दिनुभयो। विभिन्न दुर्घटना तथा आजन्म शारीरिक अपाङ्गता भएका व्यक्तिलाई आर्यआर्जन गरि स्वरोजगार बनाउँदै समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय सङकल्पलाई पुरा गर्नेतर्फ लाग्नु पर्नेमा जोड दिँदै उहाँले यस क्षेत्रमा कष्टकर जीवन विताउन बाध्य थप ५० परिवारलाई सहयोगको आवश्यक रहेको बताउनुभयो।

सामाजिक विकास मन्त्रालय स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बाबुराम आचार्यले अपाङ्गता भएका व्यक्तिलाई विउ पुँजी अन्तर्गत कुखुराका चल्ला वितरण गर्दै विउ पुँजीको संरक्षण गर्दै थप आयआर्ज गर्दै जीविकोपार्जनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा सामुदायिक प्रहरी जिल्ला समन्वय समिति कास्कीका संयोजक बोधराज कार्कीले सपाङ्गता भएका व्यक्तिले अपाङ्गता भएकालाई आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिँदै समाजका अशक्त व्यक्तिका लागि गर्न सहभागिलाई अनुरोध गर्नुभयो।

कार्यक्रममा समाजसेवी दामोदर शर्मा, प्रेमबहादुर गुरुङ लगायतले समाजमा अपाङ्गता भएका व्यक्तिलाई सबैको साथ र सहयोग हुनुपर्नेमा जोड दिनुभयो।

# यार्सागुम्बा संकलन खुला

–नवीन लामिछाने
मनाङ, १३ बैशाख

कोरोना महामारीले निम्त्याएको अर्थ सङ्कट टार्न हिमाली जिल्लामा यार्सागुम्बा सङ्कलन शुरुआत हुने भएको छ।

लामो समयसम्म कोरोनाले थलिएको अर्थतन्त्रलाई उकास्न कठिन भएको र अमूल्य जडिबुटीलाई यसै खेर जान नदिन जडिबुटी सङ्कलन गर्न लागिएको हो। यसका लागि अन्नपूर्ण संरक्षण क्षेत्रले अनुमति प्रदान गरेको छ । यहाँको आर्थिक अवस्था उकास्न यार्सा सङ्कलन पूर्जी खुला गरिएको हो। यस क्षेत्रले जिल्लाका विभिन्न खर्कमा सङ्कलनका लागि पूर्जी रकम छुट्याएको छ । नाम्के खर्कका लागि रु २० हजार, डिस्याङ रु २० हजार र नार फु भ्यालीका लागि रु ३० हजार छुट पूर्जी रकम उल्लेख गरिएको छ।

गत वर्ष कोरोनाले बन्दाबन्दी भएकाले यस क्षेत्रले जडिबुटी सङ्कलन रोक लगाएको सो संरक्षण क्षेत्रका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार कोरोना जोखिम बढ्दै जाँदा आर्थिक सङ्कट पनि बढेको हुँदा यस पटक भने जिल्लाभित्र बसोवास गर्नेका लागि मात्र खुला गरिएको हो। कोरोना जोखिम बढ्न सक्ने जनाउँदै बाहिरी जिल्लामा भने बन्देज लगाइएको उहाँले जानकारी दिनुभयो । जिल्लामा रहेका चार स्थानीय तहका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयलगायत स्थानीय सिएमसीको निर्णयानुसार जिल्लाका सबै क्षेत्रमा यार्सा सङ्कलन पूर्जी खोलिएको सिएमसी ताचैका अध्यक्ष याद घलेले जानकारी दिनुभयो। उहाँका अनुसार पर्यटन व्यवसाय ठप्प भएसँगै स्थानीयवासीको आर्थिक अवस्था आएको सङ्कट टार्नका लागि पनि सङ्कलन आवश्यक रहेको हो । जडिबुटी र पर्यटन व्यवसायमा निर्भर यहाँका मानिस कोरोनाले पर्यटन व्यवसाय ठप्प भएसँगै दैनिकी चलाउन कठिन भएको जनाउँदै याममा यार्सा सङ्कलन गरेर जीविका चलाउन सकिने बताउँछन् । जडिबुटी सङ्कलन गर्दासमेत सुरक्षालाई ध्यान दिन जिप्रकाले अनुरोध गरेको छ। महामारीले कसैलाई पनि नछाड्ने हुँदा स्वास्थ्यको ख्यालसमेत गर्न आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले जानकारी दिनुभयो । उहाँले सङ्कलित जडिबुटी चोरी निकासी हुनसक्ने हुँदा जिप्रकाले आवश्यकतानुसार जिल्लाका सबै सुरक्षा निकाय प्रयोग गरिने बताउनुभयो । जिल्लाबासीबाहेक बाहिरी जिल्लाका मानिसलाई सङ्कलनमा निषेध गरिएको छ । त्यस्तै खरीद बिक्रीका लागि पनि जिल्लाभित्रका सरकारले दिएको अनुमतिपत्र भएका मानिसलाई नै प्राथमिकतामा राखिएको पनि उहाँले जानकारी दिनुभयो । सरकारको जडिबुटी खरिद ऐनअनुसारको अनुमतिपत्र हुनुपर्ने जनाइएको छ।

समयमा सङ्कलन गर्न नसके यी जडिबुटी त्यसै बिलाएर जाने हुँदा सही समयमा सदुपयोग गर्न सकियो भने जीवनस्तर उकासिन्छ। जिल्लाको आर्थिकस्तरसमेतमा यसले टेवा पुग्छ। यसैले पनि यार्सा सङ्कलन गर्नु जरुरी भएको मनाङ डिस्याङ सिएमसीका अध्यक्ष सगर गुरुङले जानकारी दिनुभयो । हाल नाम्के खर्कमा सङ्कलन शुरु भएको सिएमसी ताचैका अध्यक्ष याद घलेले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाका सबै खर्कमा एकै चोटि सङ्कलन भने हुँदैन। यो खर्क यामको पहिलो शुरु हुने खर्क हो भने नारफु खर्क यामको अन्तिम भएको उहाँले बताउनुभयो।

यही वैशाखको दोस्रो सातादेखि शुरु भएको सङ्कलन असार मसान्तसम्म रहने जनाइएको छ। यस अवस्थामा आपराधिक घटना हुन नदिन सुरक्षा व्यवस्थासमेत सुदृढ बनाइएको जिप्रकाले जनाएको छ ।चार गाउँपालिका रहेको जिल्लामा चामे गाउँपालिकाबाहेक अरु गाउँपालिकामा यार्सागुम्बा सङ्कलन गर्ने खर्क छन्।

# 'सरल, शालीन र सादगी जीवन मनमोहनका गुण'

रासस
काठमाडौं, १३ बैशाख

प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीको २२ औं स्मृति दिवसका अवसरमा आज ललितपुरस्थित मनमोहन स्मृति प्रतिष्ठानमा श्रद्धाञ्जलि व्यक्त गरिएको छ।

उपप्रधानमन्त्री एवं नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेललगायतले सो स्थानमा पुगी पार्टीका तत्कालीन अध्यक्षप्रति श्रद्धाञ्जलि व्यक्त गरे। कोभिड-१९ को महामारीका कारण उनको स्मृतिमा थप कार्यक्रम आयोजना गरिएको छैन। सो प्रतिष्ठानका अध्यक्ष पोखरेलले नेता अधिकारीले स्थापना गर्नुभएका आदर्श, सिद्वान्त र मूल्यमान्यता कम्युनिष्ट पार्टीका हरेक सदस्यका लागि आज पनि उत्तिकै अनुकरणीय र सान्दर्भिक रहेको बताए।

"सरल, शालीन र सादगी जीवन नेपालको कम्युनिष्ट आन्दोलनमा उहाँले स्थापित गर्नुभएका अत्यन्तै मूल्यवान गुणहरु हुन्", उपप्रधानमन्त्री पोखरेलले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ । नेता अधिकारीले नेपालको विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउन महत्वपूर्ण अभिभावकीय भूमिका खेल्नुभएको जनाउँदै पोखरेलले भन्नुभएको छ, "आजको यस विशेष दिनले नेकपा (एमाले)का सम्पूर्ण नेता-कार्यकर्ताहरुलाई एक ढिक्का भई पार्टी काममा सक्रिय रहन ऊर्जा प्रदान गरोस् भन्ने कामना गर्न चाहन्छु।"







**Sundarbazar Municipality**
**Office of the Municipal Executive**
**Sundarbazar, Lamjung**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Publication: 27th April, 2021**

| S.N | Contract No. | Description of Work | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) |
|---|---|---|---|---|
| 1 | SUPPLY/SM/SQ/HE/10/077/078 | Supply,Delivery and installation of Hospital Equipment. | 1,20,000/- | 1,000/- |

For Details Please visit PPMO's website https:// www.bolpatra.gov.np/egp/

Chief Administrative Officer